# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, पुष २१ गते, २०७६ साल (अतिरिक्ताङ्क ३८

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश नं. १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ लाई संसोधन गर्न (तेस्रो संशोधन) बनेको नियमावली, २०७६

प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ लाई संसोधन गर्न वाञ्छनिय भएकोले,

प्रदेश नं. १ को मन्त्रिपरिषद्ले यो नियमावली बनाएको छ ।

१. <u>संक्षिप्त, नाम र प्रारम्भः</u> (१) यो नियमावलीको नाम **"प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) (तेस्रो संसोधन) नियमावली, २०७६"** रहेको छ ।

(२) यो नियमावली प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत गरे पछि लागु हुनेछ।

२. <u>नियम ६ को उपनियम (१) खण्ड (छ) मा संशोधनः</u> प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ६ उपनियम (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ ।

"नियम ६ (१) (छ) कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा कृषि एवं पशुपंक्षी हाट बजार व्यवस्थापन सम्बन्धी पूर्वाधार आयोजना,"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३. **<u>नियम ६ को उपनियम (१) खण्ड (ज) मा संशोधनः</u>** प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ६ उपनियम (१) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ ।

"नियम ६ (१) (ज) उद्योग तथा पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार आयोजना,"

४. **<u>नियम ६ को उपनियम (१) खण्ड (ञ) मा संशोधनः</u>** प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ६ उपनियम (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ ।

"नियम ६ (१) (ञ) आधुनिक शिक्षा, प्राविधिक शिक्षा एवं जनउपयोगी शिक्षा, आधारभूत एवं उच्च शिक्षा सम्वन्धी पूर्वाधार आयोजना,"

५. **<u>नियम ६ को उपनियम (१) खण्ड (ड) मा संशोधनः</u>** प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ६ उपनियम (१) को खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ ।

"नियम ६ (१) (ड) आधारभूत आवश्यकतालाई सम्वोधन गर्ने सम्वन्धी अन्य पूर्वाधार आयोजना ।"

६. **<u>नियम ७ को उपनियम (१४) मा संशोधनः</u>** प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम ७ उपनियम (१४) को सट्टा देहायको उपनियम (१४) राखिएको छ ।

"नियम ७ (१४) समितिले छनौट गरि पठाएको आयोजना नियम ६ वमोजिम नभएमा वा प्रथम चौमासिक अवधिभित्र कुनै आयोजनाको सम्बन्धमा सम्झौता हुन नसकेमा समितिले सो आयोजना परिर्वतन गरी पौष मसान्तभित्र सोही स्थानीय तह अन्तर्गतको अर्को आयोजना छनौट गर्न सक्नेछ ।"

७. **<u>नियम १५ को उपनियम (१क) मा संशोधनः</u>** प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम १५ उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छ ।

"नियम १५ (१क) उपनियम १ बमोजिम जिल्ला समन्वय समिति र नियम ३ वमोजिम गठित समितिका संयोजकले तोकेको प्रतिनिधि मार्फत प्राप्त गर्ने प्रशासनिक खर्च वापतको सून्य दशमलव पाँच प्रतिशतले हुने रकम जिल्ला सदरमुकाममा रहेको स्थानीय तहमा पठाइने छ र उक्त सम्वन्धीत स्थानीय तहबाट सो रकम नियम १५ को उपनियम (१) वमोजिम जिल्ला समन्वय समिति र नियम ३ वमोजिम गठित समितिका संयोजकले तोकेको प्रतिनिधिले तीन किस्तामा रकम भुक्तानी लिने छ ।"

८. **<u>अनुसूचीमा हेरफेरः</u>** प्रदेश निर्वाचान क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि मूल नियमावली भनिएको) को अनुसूची–२ को सट्टा देहायको अनुसूची–२ राखिएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची–२

(नियम ७ को उपनियम (५) सँग सम्बन्धित)

सचिवले मन्त्रालयमा पठाउनु पर्ने विवरण

जिल्लाः प्रदेश निर्वाचन क्षेत्रः आर्थिक वर्ष

| क्र. सं. | संचालन हुने | | | | विनियोजित रकम | प्रशासनिक खर्च | | | | कार्यक्रम बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम को नाम | स्थानीय तहको नाम | टोल | वडा नं. | | जिल्ला समन्वय समिति | स्थानीय तह | प्रतिनिधि | जम्मा | |
| १ | | ..... पालिका | | | | | | | | |
| २ | | ..... पालिका | | | | | | | | |
| ३ | | ..... पालिका | | | | | | | | |
| ४ | | ..... पालिका | | | | | | | | |
| ५ | | ..... पालिका | | | | | | | | |
| ६ | | ..... पालिका | | | | | | | | |
| ७ | | ..... पालिका | | | | | | | | |
| ८ | | ..... पालिका | | | | | | | | |
| ९ | | ..... पालिका | | | | | | | | |
| १० | | ..... पालिका | | | | | | | | |
| ११ | | ..... पालिका | | | | | | | | |
| १२ | | ..... पालिका | | | | | | | | |
| १३ | | ..... पालिका | | | | | | | | |
| १४ | | ..... पालिका | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | ..... पालिका | | | | | | | | |
| १६ | | ..... पालिका | | | | | | | | |
| १७ | | ..... पालिका | | | | | | | | |
| १८ | | ..... पालिका | | | | | | | | |
| १९ | | ..... पालिका | | | | | | | | |
| २० | | ..... पालिका | | | | | | | | |
| २१ | | ..... पालिका | | | | | | | | |
| | | | | **जम्मा** | | | | | | |

**नामः**

**संयोजक तथा प्रदेश सभा सदस्य**

स्वीकृत मिति : २०७६/०९/२१

आज्ञाले,
भरतमणि रिजाल
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १